# गौरीगङ्गा नगरपालिका, कैलाली

# गौरीगङ्गा विकास नीति २०७७

## क) पूर्वाधार विकाससम्बन्धी नीति

१. नगरपालिकाका प्रत्येक वडामा एक एक वटा बाटो नगर गौरवको योजनाको रुपमा विकास गर्दै क्रमागत रुपमा कालोपत्रे गरिनेछ ।

२. यस नगरपालिका सम्पुर्ण वडा कार्यालयहरुको भवन आगामी आर्थिक बर्ष भित्र निर्माण सम्पन्न गरिने छ ।

३. गौरीगङ्गा भवन निर्माण तथा योजना मापदण्ड तयार गरी लागू गरिनेछ । सोही आधारमा हाल निर्माणाधीन भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरिने छ ।

४. विपन्न लोपन्मुख, सीमान्तकृत, जनजाती तथा दलित जस्ता विपद जोखिममा रहेका वर्गको लागि सुरक्षित आवास सुनिश्चित गर्न न्यून लागतमा आधारित आवास ( Low Cost Housing Modal) विस्तृत योजना तयार गरी एकीकृत आवास निर्माणमा जोड दिईने छ ।

५. विपद जोखिम न्यूनीकरणका लागि प्रत्येक वस्तीमा सुरक्षित खुला स्थानका लागि आवश्यक पर्ने खाली जग्गा पहिचान गरिने छ ।

६. हाल सञ्चालनमा रहेका अस्थाई पुलहरू क्रमशः विस्थापित गर्न विस्तृत योजना प्रतिबेदन (DPR) तयार गरी प्राथमिकताका आधारमा पक्की र झोलुङ्गे पुल निर्माण गरिनेछ ।

७. नगरपालिकाका मुख्य चोक र संवेदनशील क्षेत्रमा सौर्य बत्ती जडान गरिने छ ।

८। यस नगरपालिकाको सवै वडाहरु जोड्ने गरी (Ring road) बाह्य चक्रपथको लागि विस्तृत योजना प्रतिवेदन (DPR) गरिने छ ।

## ख) आर्थिक विकास तथा भूमि व्यवस्थासम्वन्धी नीति

९। सम्भाव्यताका आधारमा बाली र पशुपालन विशेष पकेटक्षेत्र निर्धारण गरी *एक गाउँ एक उत्पादन* कार्यक्रमलाई प्रभावकारी बनाउदै सामुदायिक तथा निजी वनमा एकवर्षे तथा बहुवर्षे घाँसका विउ, वेर्ना र डाँले घाँस रोपण गरी घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ ।

१०। विदेशवाट फर्किएका, स्वदेशमै वेरोजगार रहेका सिप सिकेकाहरुले उद्यम गर्न चाहनेलाई औजार उपकरणको खरिदमा अनुदान दिइने छ ।

११। कृषिक्षेत्रमा उत्पादन बढाउन खेती योग्य जमिनको माटो परीक्षणमा सहुलियत दिने, सहकारी मार्फत सबै वडामा मलखाद तथा बिउ सजिलै उपलब्ध गराउने र प्राङ्गारिक मल तयार गर्न प्रविधिको तालिम दिई अर्गानिक खेतीउन्मुख नगरपालिकाको रूपमा विकास गरिनेछ ।

१२। पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन क्षेत्रको रूपमा विकास गरी माछा, मासु, दूध, फुलमा आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ ।

१३। कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी फलफुल एवम् तरकारी उत्पादनमा साना किसान तथा सहकारीलाई प्रोत्साहान गरिनेछ।

१४। प्रत्येक वडामा पशुपंक्षीका लागि नियमित खोप तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१५। नगरपालिका अन्तर्गतका हैसियत बिग्रेका वनक्षेत्र, नदी किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी बृक्षारोपण गरी चक्लाबन्दी खेतीमा जोड दिइनेछ ।

१६। नगरपालिकाभित्रका स्थानीय बजारहरूको नियमित अनुगमन तथा नियमन गर्न निर्देशिका तयार पारी लागु गरिनेछ।

१७। बजार क्षेत्रलाई अझै व्यवस्थित गर्न कर शिक्षा, व्यावसायिक शिक्षा तथा औद्योगिक शिक्षाको प्रवन्ध साथै नवउद्यमीहरूलाई प्रवर्द्धन तथा उत्प्रेरित गर्न व्यवसायीक कर छुट सहितको औद्योगिक ग्राम कार्यान्वनमा ल्याइने छ ।

१८। व्यावसायिक कृषि, पशुपालन समुह तथा फार्महरूलाई प्रोत्साहित गर्न अनुदान भन्दा सहुलियत लाई प्राथमिकरण गर्दै कृषि औजार खरिद तथा कृषि र पशुपालनको व्यावसायिकता गर्न र कृषि तथा पशु बिकासकालागि प्रोत्साहन गरिनेछ ।

१९। नागरिक समाज, उद्योग बाणिज्य संघ, प्रहरी, प्रशासन, बुद्धिजीवी, समाजसेवी लगायतको सहयोगमा मदिरा बिक्री वितरण नियमन र व्यवस्थापन गर्न निश्चत ठाउँमा मात्र अनुमति दिइनेछ ।

२०। बजारक्षेत्र स्वच्छ तथा सफा राख्न फोहर फाल्ने कन्टेनरको व्यवस्था गरी सडक किनारमा बृक्षारोपण गर्ने व्यवस्था मिलाइने छ ।

२१। नगरपालिका अन्तरगतका गरिवी निवारण कोष द्वारा संचालित समुहहरु लाई सहकारीमा परिणत गरिने छ ।

## ग) शिक्षा, युवा तथा खेलकुदसम्बन्धी नीति

२२. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका नछुट्ने गरी (No Child Left Behind) सघन भर्ना अभियान सञ्चालन एवम् अभिभावकबिहीन बालबालिकाको अभिभावकत्व ग्रहण गर्न आह्वान गरिनेछ ।

अपाङ्गता एवम् विशेष सिकाइ क्षमता भएका बालबालिकालाई प्रत्येक कार्यक्रममा प्राथमिकता दिइनेछ ।

२३. गुणस्तरीय र निःशुल्क शिक्षा (कक्षा १० सम्म) का लागि सामुदायिक विद्यालयहरूलाई स्वयम सेवक शिक्षक, सेवा करार र कार्यविधि बमोजिम ***शिक्षण सुधार अनुदान*** उपलब्ध गराइनेछ ।

२४. राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालय शिक्षाको पाठ्यक्रम अनुसार आधारभूत तहको ***गौरीगङ्गा स्थानीय पाठ्यक्रम*** विकास गरिनेछ । आगामी वर्षहरूमा यसको कार्यान्वयनका लागि क्रमशः पाठ्य सामग्रीहरू र शिक्षक क्षमता विकास गरिनेछ ।

२५. बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरूमा नियमित अतिरिक्त क्रियाकलाप र खेलकुद आयोजना गरिने एवम् विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ ।

२६. शिक्षण सिकाइ र परीक्षालाई परिपूरकका रूपमा लिदै आधारभूत शिक्षा परीक्षाको गुणस्तर सुधार गर्दै यसलाई मानकका रूपमा विकास गरिनेछ ।

२७. विद्यालयमा सहज पहुँचको सुनिश्चितताका आधारमा बालविकास केन्द्र र सामुदायिक एवम् सँस्थागत विद्यालय वा तह एकीकरण (school merging) लाई प्रोत्साहित गरिनेछ ।

२८. साक्षर नगर घोषणासँगै सामुदायिक अध्ययन केन्द्र (CLC) सुधार र सामुदायिक पुस्तकालय (e-library सहित) सञ्चालनलाई प्रोत्साहन गरिनेछ । यी सँस्थाहरूमार्फत अनौपचारिक शिक्षा, आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै साक्षरता र जीवनपर्यन्त शिक्षासमेत प्रवर्द्धन गरिनेछ ।

२९. शैक्षिक कार्यक्रमहरूमा एकरुपता ल्याउन र गुणस्तर अभिवृद्धि गर्न नियमित प्र.अ. बैठक र शैक्षिक कार्यपात्रो निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३०. विद्यालय सुशासन (school governance) प्रवर्द्धन गर्न विद्यालय व्यवस्थापन समिति गठन, नेतृत्व क्षमता विकास तालिम र कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

३१. शिक्षक पेसागत विकासका लागि तह र विषयगत शिक्षक तालिम एवम् नियमित विषयगत शिक्षक गोष्ठी सञ्चालन गरिनेछ । शिक्षकहरूलाई शैक्षणिक योजना निर्माण गरी सिकाइ सामग्री सहित शिक्षण गर्न ***नियमित सुपरिवेक्षणमार्फत विद्यालयमा नै प्राविधिक सहायता*** उपलब्ध गराइने छ ।

३२. नगरपालिकाको शैक्षिक सुधारमा विशिष्ट योगदान गर्नुहुने व्यक्ति तथा शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र पदाधिकारीहरूलाई सम्मान गरिनेछ ।

३३. शिक्षामा प्रविधि र गुणस्तर कायम राख्न ***गौरीगङ्गा नमुना विद्यालय*** कार्यक्रमलाई निरन्तरता दिइनेछ। थप नमुना विद्यालयहरू घोषणा गरी शैक्षिक गुणस्तरमा प्रतिस्पर्धी वातावरण सिर्जना गरिनेछ ।

३४. विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्राविधिक, व्यावसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताकासाथ त्यस क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।

३५. विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार र विकासका लागि अल्पकालीन एवम् दीर्घकालीन सोचसहितको *शिक्षा विकास गुरूयोजना* तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३६. "स्वास्थ्य नै धन हो" भन्ने मान्यतालाई आत्मसाथ गर्दै नगरपालिका भरी आवश्यताका आधारमा बढीमा २ वटा व्यायाम साला र खेलका पूर्वाधारहरू विकास गर्दै क्रमशः खेलकुदमैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ ।

३७. खेलकुदमार्फत युवा तथा बालबालिकाहरूलाई अनुशासित, चरित्रवान र सिर्जनशील बन्दै धूमपान, लागूपदार्थ र दुर्व्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

३८. छोटो अवधिका तालिममार्फत युवाहरूलाई उद्यमशील, रोजगार एवम् स्वरोजगार र आत्मनिर्भर बन्दै वृत्तिमार्ग पहिचान गर्न प्रोत्साहित गरिनेछ ।

३९. विद्यालयका शिक्षक तथा नगरपालिकाका कर्मचारीहरूमा अनुसन्धान सिपको विकास गरी उहाँहरूबाट गरिएका स्थलगत अनुसन्धानका आधारमा शिक्षामा तथ्यपरक सुधारको थालनी गरिनेछ ।

४०. विद्यालय तथा समुदायस्तरमा मानसिक तथा मनोसामाजिक समस्याका कारण हुने आत्महत्या र अन्य गतिविधीहरुको रोकथाम तथा नियन्त्रण गर्न मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श जनसक्ती विकासमा जोड दिदै सेवालाई प्रभावकारी वनाईनेछ ।

४१. सँस्थागत विद्यालयहरूलाई सेवामुखी बनाउन कार्यविधि बमोजिम नियमित अनुगमन, नियमन र नियन्त्रण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

**(घ) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :**

४२. गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको सहज पहँच हुने गरी आधारभूत स्वास्थ्य सेवा प्रत्येक वडामा नि:शुल्क उपलव्ध गराईनेछ।

४३. गुणस्तरीय तथा स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषण न्युनीकरण गरिनेछ।

४४. नगरपालिकाभित्र सबैको पहुँच पुग्ने गरी मानसिक स्वास्थ्य सेवा र नि:शुल्क घुम्ती स्वास्थ्य शिविर आयोजना गरिनेछ ।

४५. स्वास्थ्य बिमा कार्यक्रमको पहुँच आम जनतासम्म पुर्याईनेछ ।

४६. "स्वस्थ तन स्वस्थ मन" भन्ने नारालाई ध्यानमा राख्दै कुलत र सम्भावित जोखिमबाट बच्न किशोरावस्थाका विद्यार्थीहरूलाई सघन प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Reproductive Health Education) विषयमा अभिमुखीकरण गरिने छ ।

४७. स्वास्थ्य संस्थाहरूको भौतिक तथा जनशक्ति व्यवस्थापन सुदृढीकरण गर्दै महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रममा सुधार, स्वास्थ्य संस्थाको सामाजिक परीक्षण लगायतका माध्यमबाट गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

४८. ***फोहरबाट मोहर*** कार्यक्रमका माध्यमबाट फोहरको वर्गीकरण र व्यवस्थापन गरी बगैंचा निर्माण गर्न सबै सँघ संस्था र कार्यालयहरूलाई उत्प्रेरित गरिनेछ।

४९. पूर्ण सरसफाइ र खुला दिशामुक्त क्षेत्रको अवधारणाअनुरूप बजार क्षेत्र एवम् सार्वजनिक स्थलमा सरसफाइयुक्त सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनको व्यवस्था मिलाईने छ।

५०. आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका वैकैल्पिक स्वास्थ्य पद्धति, हर्वल पार्क, जडिबुटी तथा वनस्पतीजन्य औषधीको सम्भावना पहिचान गरी त्यस्ता जडिबुटी तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

५१. स्वच्छ खानेपानी वितरणका लागि हाल सञ्चालनमा रहेका, निमार्ण सम्पन्न भएका र निर्माणाधीन खानेपानी योजनाहरू एकीकृत गरी वितरण र व्यवस्थापन गरिनेछ ।

५२. कोभिड-१९ रोकथाम तथा नियन्त्रणमाका लागि एक कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोषको स्थापना गरिनेछ ।

## ङ) सुशासन र व्यवस्थापन सम्बन्धी नीति

५३. यस नगरपालिका अन्तर्गतका निकायहरुको कार्यविवरण तथा अनुसन्धानमा आधारित सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (Organization and Management survey) मार्फत सङ्गठन सँरचना एवम् जनशक्ति प्रक्षेपण गर्दै यसैका आधारमा जनशक्ति माग तथा पूर्ति गरी कार्यान्वयन गरिनेछ ।

५४. यस नगरपालिका मातहतका सबै निकायहरूमा इन्टरनेटको पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री विद्युतीय शासन (ICT Friendly E-Governance) र न्यून कागजी कार्यालय (Less Paper Office) का रूपमा विकास गरिनेछ ।

५५. नगरपालिकाका बजार क्षेत्रमा यात्रु प्रतिक्षालय निर्माण गरी यात्रुको सहजताका लागि free Wi-Fi Zoon को रुपमा विकास गरिने छ ।

५६. यस नगरपालिकामा संचालन गरिने बिकास निमार्ण लगायतका सम्पुर्ण कार्यहरुको सुशासनका मापदण्डहरुलाई आधारमानी अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाइनेछ ।

५७. लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार संघ, प्रदेश र अन्य स्थानीय तहहरूसँग साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापनमा विकास निर्माणका कार्यहरूको थालनी गरिनेछ ।

५८. नगरपालिकाभित्रका जोखिमयुक्त स्थानहरूमा CCTV जडान गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरूस्त र प्रभावकारी बनाईने छ ।

५९. पूर्वाधार विकास निर्माणसँग सम्बन्धित सम्पूर्ण सार्वजनिक खरीद प्रक्रिया विद्युतीय खरीद प्रणाली ( E-Bidding) लाई जोड दिईनेछ ।

६०. ***जनता नै जनार्दन*** भन्ने मूलमन्त्र आत्मसाथ गरी जनगुनासो तथा सार्वजनिक सुनवाई र सामाजिक परीक्षणलाई प्राथमिकता दिदै प्रभावकारी बनाईनेछ ।

## च) सामाजिक विकाससम्बन्धी नीति

६१. सामाजिक न्याय र सामाजिक आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने गरी टोल विकास समितिहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

६२. यस नगरपालिकाको दूरदृष्टिबमोजिम बृहत्तर विकासका विभिन्न पक्षमा सहयोग गर्न इच्छुक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी सँस्थाहरूलाई कार्यक्रममा दोहोरोपन नहुनेगरी लगानी गर्न समन्वय र सहकार्य गरिनेछ ।

६३. आर्थिक सामाजिकरूपमा पछाडि परेका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको बहुआयामिक सशक्तीकरण गरिने छ ।

६४. लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बाल दुर्व्यहार, छाउपडी जस्ता सामाजिक कुप्रथाहरू प्राथमिकतासाथ रोकथाम तथा नियन्त्रण गरिनेछ ।

६५. जेष्ठ नागरिकहरूप्रति सम्मान तथा आदर अभिवृद्धि गर्दै अन्तरपुस्ता सीप हस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ ।

६६. स्थानीय भाषा र सँस्कृतिको उत्थानका लागि अनुसन्धानमा आधारित दीर्घकालीन योजना तर्जुमा गरिनेछ ।

६७. मातृशिशु स्वास्थ्य सुधार, नियमित गर्भ जाँच र स्वास्थ्य सँस्थामा सुत्केरी हुन वा सस्थागत सुत्केरीलाई प्रोत्साहित गर्न महिलासँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८. बालमैत्री पूर्वाधारहरूको विकास गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप स्थानीय तह तथा सरोकारवालाहरुको समन्वयमा असहाय बालबालिकाको संरक्षण गर्दै बालश्रममुक्त गौरीगङ्गा नगरपालिका बनाइनेछ ।

६९. लैङ्गिक विभेद, जातीय आधारमा हुने छुवाछुत, समान कामको ज्यालामा हुने भेदभाव र विभेदहरुलाई निर्मुल गर्दै बिभेदमुक्त गौरीगङ्गा नगरपालिका बनाइनेछ ।अपाङ्गतामैत्री सँरचना विकासलाई अनिवार्य शर्तको रूपमा अङ्गीकार गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

७०. योजना छनोट, विकास निर्माण, उपभोक्ता समिति गठन लगायतका सार्वजनिक स्थान र कार्यमा लाभग्राही सबै समुदाय र महिलाको सहभागिता गराइनेछ ।

७१. गरीब, पिछडिएका वर्ग, द्वन्द्व पिडित, तेस्रो लिङ्गी, एच.आइ.भी. पीडित, मुक्त कमैया,कमलरी सुकुम्बासी, हलिया, अनाथ लगायत आदिवासी, जनजाति, दलित र अपाङ्गता भएका सबै समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७२. यस नगरपालिकाभित्र बसोबास गर्ने सबै समुदायले परम्परागत रूपमा मनाउँदै आएका माघी, गौरा, होली, पुतला, भुवा, अनन्ते, अटवारी आदि चाडपर्व, धर्म संस्कृति एवम् मठ मन्दिर, सत्सङ्ग भवन, चर्च, गुम्बा आदि धार्मिक तथा ऐतिहाँसिक स्थलहरूको संरक्षण र सम्बर्धन गरिनेछ ।

७३. इच्छुक युवा तथा हाल कार्यरत सिकर्मी, डकर्मीहरूको पेसागत क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी अभिलेख सूचीकृत र व्यवस्थापन गरिनेछ ।आगामी दिनमा नगरपालिका भित्रका सम्पूर्ण पूर्वाधार निर्माण लगायतका काममा सूचीकृत र तालिमप्राप्त कामदारको सहभागिता अनिवार्य गरिने छ ।

७४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गर्न सबै किसिमको भत्ताहरू बैंङ्कमार्फत मात्र वितरण गर्ने र यसका लागि सूचना व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

७५.१ उद्यम सिलताका लागि वढीमा रु.१,००,०००। (एक लाख) सम्मको उपकरण खरिदमा ५०% सम्म अनुदान दिईने छ ।

**छ) सामाजिक न्यायसम्बन्धी नीति**

७५. नागरिकको न्यायमा सहज पहुँच बनाउने आधार मेलमिलापकर्ता भएकाले नियमानुसार उनीहरूको सिप तथा सक्रियता अभिबृद्धि गरिनेछ ।

७६. महिला हिंसा, सामाजिक बिभेद र कुरीतिलाई न्यूनीकरण गर्न संगठित समूहहरू (आमा समूह, महिला सहकारी, महिला कृषि समूह, युवा क्लव आदि) लाई सामाजिक न्याय, प्रतिनिधित्व र पहुँच विषयमा अभिमुखीकरण गरिनेछ ।

७७. विद्यालयमा अध्ययन गर्ने किशोर किशोरीहरू विभिन्न अनैतिक कार्य र कुलतमा लाग्ने सम्भावना न्यूनीकरण गर्न विद्यालय स्तरमा सामाजिक न्याय शिक्षा सञ्चालन गरिनेछ ।

७८. यस नगरपालिका र अन्य स्थानीय तहबीच न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाइ आदानप्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ ।

## ज) वन वातावरण, भू-संरक्षण तथा विपद् व्यवस्थापनसम्बन्धी नीति

७९. नगरपालिकाभित्र रहेका व्यक्तिहरुले भोगचलन गरेको ऐलानी, प्रति जग्गाको लगत सङ्कलन गरी लालपुर्जा वितरण गरिने छ र सार्वजनिक जग्गाको लगत सङ्कलन गरी संरक्षण गरिने छ ।

८०. वन तथा भू-संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ।

८१. बालउद्यान र हर्बल पार्क निर्माण कार्य प्रारम्भ भैसकेको र त्यसलाई निरन्तर दिइने छ।

८२. सबै सामुदायिक वनमा *एक वन, एक पोखरी, एक वोरिङ्ग*को अवधारणा आगाडि वढाइने छ।

८३. प्राकृतिक स्रोत साधनको सदुपयोग गर्दै विकास निर्माणका काम अघि बढाइने र बस्ती जोखिम नपर्ने गरी IEE गरेर मात्र प्राकृतिक स्रोत साधनको उपयोग गरिने छ।

८४. प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावार लगायतका प्राकृतिक स्रोतहरूलाई राजश्वको मुख्य स्रोतको रुपमा लिइनेछ ।

८५. सङ्कटापन्न अवस्थाका जडीबुटी तथा वन, वनस्पतिहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity Hot Spot) को पहिचान तथा संरक्षण र जैविक विविधता अभिलेखीकरण गरिनेछ ।

८६. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा सरोकारवालाहरुको संलग्नतामा विकास योजनालाई वातावरणमैत्री बनाउँदै लगिने छ । रेड प्लस कार्वन सञ्चितिबाट नगरपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी तीन वर्षभित्र नगरपालिकालाई घरभित्रको धुवाँरहित नगरपालिकाकोरूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८७. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

८८. कटानको जोखिम रहेका नदीहरूमा जैविक तथा जालीदार तटवन्धनका लागि गुरुयोजना वनाई नदी किनारमा वृक्षरोपण गरी कटान नियन्त्रण गरिनेछ।

८९. जैविक परिधि भित्रवाट वन फडानी, भू-क्षय तथा आगलागी नियन्त्रण, चोरी निकासी नियन्त्रण, छाडा चौपाया नियन्त्रण र खाली जमीनमा वृक्षरोपण गरिने छ।

९०. सबै वडाहरुमा विपद् सुरक्षा युवा दस्ता गठन तथा तालिम सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण गर्न पहल गरिने छ।

९१. प्राकृतिक श्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो विकास तथा *बसन्ता जैविक मार्ग*लाई संरक्षण गरी स्वच्छ हावा, स्वस्थ व्यक्ति र सभ्य समाज निर्माण अभियानमा जोड दिइने छ।

९२. विगतमा आगलागीबाट भएका क्षति दोहरिन नदिन एक दमकल खरिद गरिनेछ ।

९३. नगरपालिका भित्रका ४० फिट चौडाईका सडकहरूमा टोल बिकास समितिको सक्रियतामा २५/२५ मिटरको दुरीमा वृक्षरोपण गरी वातावरणलाई हरियाली बनाउन पहल गरिने छ।

९४. फोहरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्थापन गरिने छ।

९५. वन तथा वातावरण संरक्षणका लागि गोबर ग्याँस तथा सौर्य उर्जा जस्ता वैकल्पिक उर्जा कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

९६. प्राकृतिक प्रकोप तथा विपद्मा परेकालाई “जहा अभर तहाँ नगर" (SUPPORT ON THE SPOT) को मान्यतामा रही कार्यक्रम संचालन गरिने छ ।

९७. ***गौरीगङ्गा विपद् व्यवस्थापन कोष*** खडा गरी प्रत्येक पूर्वाधार विकास निर्माण योजनाको बजेटबाट १% रकम अनिवार्य रुपमा उक्त कोषमा जम्मा गरी सो रकम विपद् व्यवस्थापन तथा न्यूनीकरण कार्यमा खर्च गरिनेछ ।

**झ) पर्यटन विकाससम्बन्धी नीति**

९८. नगरपालिकाभित्र *वातावरण एवम् पर्यटकमैत्री नमुना बस्ती* विकास गर्दै *घरबास* ***(home-stay)*** *वा पाहुना घर* निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न प्रोत्साहन गरिनेछ ।

९९. नगरपालिकाभित्र पर्यटकीय गतिविधि बढाउन सार्वजनिक निजी साझेदारीमा वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्राकृतिक सौन्दर्यता र स्वच्छता कायम राख्दै पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट, मनोरञ्जन स्थल (fun park), होमस्टे आदि खोल्न र नियमानुसार सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१००. नगरपालिकामा पर्यटकीय गतिविधि प्रवर्धन र नियमन गर्न कानुनबमोजिम एक उच्चस्तरीय ***गौरीगङ्गा पर्यटन परिषद*** गठन गरिनेछ ।

१०१. नगर बासिको रहनसहन, भेषभुसा, परपमरा, धर्म, संस्कृतिको पहिचान झल्किने र पर्यटन विकासमा टेवा पुराउने श्रव्य-दृष्य सहितको नगर गानको निर्माण गरिनेछ ।

**ञ) विद्युत/उर्जा सम्बन्धी नीति**

१०२. विद्युत लाईन विस्तार नभएका सबै बस्ती तथा टोलहरूमा विद्युतीकरणको व्यवस्था गरिनेछ ।

१०३. नवीकरणीय उर्जाको प्रयोग तथा खपत गर्न प्रोत्साहन गरिने छ ।

## ट) राजस्व तथा आर्थिक नीति

१०४. नगरपालिकाको स्वामित्व र क्षेत्राधिकारभित्रका करका क्षेत्रहरूमा करको दायरा बढाउने र कर छलीको प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१०५. वेरोजगारी न्यूनीकरण गर्न सामुहिक व्यावसायिक खेती वा पशुपँक्षी पालन गर्ने कृषक समूहलाई व्यावसायिक कर छुट दिइ कृषिजन्य उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिने छ ।

१०६. हाल सञ्चालनमा रहेका उद्योग व्यावसायलाई कोभिड-१९ का कारणले पारेको प्रभावलाई मध्यनजर गर्दै चालु आथिक वर्ष २०७६।७७को व्यवसायिक करमा २५ प्रतिसत छुट प्रदान गरिने छ र जुन करदाताले कर भुक्तान गरिसको छ निजलाई सो बराबर आगामी आ.व. २०७७।७८ मा छुट गरिनेछ ।

१०७. प्रशासनिक लगायतका विविध खर्चमा मितव्ययिता अपनाईने छ ।

१०८. गौरीगङ्गा नगरपालिकाले निर्माण गरि व्यवसाय संचालन गर्न दिएका सपिङ्ग कम्पलेक्सहरुमा कोरोना भाइरसद्वारा सिर्जित बन्दा बन्दी अवस्थालाई मनन गरी २ महिनाको भाडा छुट गरिनेछ साथै व्यवसाय संचालन गर्न घर तथा जमिन भाडामा दिनुहुने नगरबासीहरुलाई भाडामा छुट दिन आग्रह गरिने छ ।